जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १३६ २०८० साल पुस १३ गते शुक्रबार (29 Dec. 2023 Friday) मूल्य रु. ५/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : सञ्चार क्षेत्रमा नीतिगत... ३ पृष्ठमा : मानवीय त्रुटिले विमान दुर्घटना ... ३ पृष्ठमाइजरायलको गोलान हाइट्समा...

## प्रदेशलाई अधिकार नदिएका कारण बाध्य भएर संघर्षमा जानु परिरहेको : मुख्यमन्त्री कार्की



**दैनिक समाचारदाता राजबिराज, १२ पुस ।**

कोसी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेशलाई अधिकार नदि एका कारण बाध्य भएर संघर्षमा जानु परिरहेको बताएका छन् ।

सातै प्रदेशका मुख्यमन्त्रीको सम्मेलनमा भाग लिनकालागि हेटौंडा जाने क्रममा बिहीबार बिहान राजबिराज पुगेका उनले त्यहाँ आयोजित नेपाली कांग्रेसका कार्यकर्ता र पत्रकारहरुलाई सम्बोधनका क्रममा उनले यस्तो बताएका हुन् ।

संघीय सरकारले संबिधानमा व्यवस्था भएको अधिकार पनि प्रदेशलाई दिन नचाहिरहेका कारण सातै प्रदेशका मुख्यमन्त्रीको सम्मेलनबाट आगामी कार्यक्रमका विषयमा निर्णय लिन लागेको उनले बताए ।

प्रदेशलाई अधिकार दिन संघीय संसदले पास गर्नु पर्ने कतिपय ऐन कानून समेत अहिलेसम्म पास नगरिएका कारण काम गर्न समस्या भई रहेको उनको कथन छ । शान्तिसुरक्षा सम्बन्धि प्रदेशको पहिलो अधिकार नै संघले कुण्ठित गरिराखेका कारण जनतालाई सुशासन दिन पनि नसकिईरहेको भन्दै उनले संघीय संसदसित पनि आफूहरुको संघर्ष रहेको उनले खुलासा गरे । संघीय संसदका सांसदहरुले प्रदेशलाई अधिकार दिने सबालमा चासो नलिएको भन्दै उनले जनतामा परिरहेको समस्याप्रति संघीय सांसदले उदासिन भएर बस्न नमिल्ने जिकिर गरे ।

बिद्युत उत्पादन, भौतिक संरचनादेखि कृषिमा पाउने अधिकार दिन पनि संघले आनाकानी गरिरहेको बताउँदै उनले पहिले हस्तान्तरण गरेर पनि पछि संघीय कार्यालय जिल्ला जिल्लामा राखेर अधिकार खोस्ने काम समेत गरेको आरोप लगाए । नेपाली कांग्रेसलाई कमजोर बनाउने गरी निर्णय गरेर गठबन्धनका नाममा अर्को पार्टीलाई मुख्यमन्त्री दिन थालेका कारण आफैंले संबिधानको अधिकार प्रयोग गरेर अरुको भागमा गईसकेको मुख्यमन्त्री खोसेर लिएको दावी गरे ।

आफूले लिएको निर्णयमा अहिले गठबन्धनले पनि समर्थन गर्न बाध्य भएको उनले बताए ।

मुख्यमन्त्री कार्कीले भने,यसले कांग्रेसको शिर उच्च बनाउने काम गरेको छ । कोसी प्रदेशमा सानातिना बजेट काटेर प्रदेश स्तरको बजेटमा रकम बढाउन सुरु गरेका कारण यसबाट संघीय सरकार पनि झस्किने अवस्थामा पुगेको भन्दै उनले यसबाट प्रदेशको बजेट बढाउन केन्द्र सरकारलाई घचघच्याउने छ भने । यसले सानातिना बजेट होईन ठूला ठूला योजनाकालागि पनि प्रदेशमा बजेट पठाउन केन्द्रलाई दवाब पुग्नेछ,उनले भने,हामीले सुरु गरेको यो परम्परालाई अन्य प्रदेशले पनि अनुशरण गर्नेछन् भन्ने मलाई लागेको छ ।

सप्तरीलाई पनि कोशी प्रदेशमा नै राख्न पाएको भए सुनमा सुगन्ध झैं हुने बताउँदै उनले कान्तिभूमिका रुपमा चिनिएको सप्तरी र कोशीको सम्बन्ध रुखको जरा र टुप्पा झैं रहेको टिप्पणी गरे । नेपालमा भएका अधिकार प्राप्तीका सबै आन्दोलनमा सप्तरीको ठूलो योगदान रहेको भन्दै मुख्य मन्त्री कार्कीले भारतीय स्वतन्त्रता संग्रामका समयमा त्यहाँका लोकतन्त्रवादी नेताहरुलाई सप्तरी आएका बखत यहाँका क्रान्तिकारी युवाहरुले मुक्त गरेर पठाएको कुरा बिर्सन नमिल्ने बताए ।

जनताको रगतले लेखिएको सम्बिधानको कार्यान्वयन प्रति सबै तह,निकाय र नेताले ईमान्दारीपूर्वक लाग्नु पर्छ भनि खबरदारीकालागि हेटौंडामा मुख्यमन्त्रीहरुको सम्मेलन हुन लागेको जानकारी दिंदै उनले संघीय संसदका साथै सरकारसित समन्वय संगै संघर्षको घोषणा समेत सम्मेलनले गर्ने बताए ।

## अनुगमनका क्रममा पसल बन्द गरि हिडे संचालक



**दैनिक समाचारदाता राजबिराज, १२ पुस ।**

कोशी ब्यारेज क्षेत्रका पसलहरुमा बिहीवार अनुगमन गरिएको छ । अनुगमन टोली आएको खबर पाएसगै कतिपय पसल बन्द गर्दै संचालक सम्पर्क बिहीन बने ।

खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजबिराजका प्रमुख बिक्रम लिम्बु नेतृत्वको संयुक्त बजार अनुगमन टोलीले हनुमाननगर कंकालिनी नगरपालिका क्षेत्रमा पर्ने कोशी ब्यारेज आसपासका होटेल, रेस्टुरेन्ट, किराना, पान लगायतका पसलमा अनुगमन गरेको हो ।

टोलीमा खाद्य निरीक्षक राजिव बुढाथोकी, जिल्ला प्रशासन कार्यालयका नासु सचिदानन्द मिश्र, घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत सरोज खतिवडा तथा सशस्त्र र नेपाल प्रहरीका अधिकारी सहभागी थिए ।

टोली आएको सुनेपछि कतिपय पसलेहरु पसल बन्द गरेर हिडेको टोलीमा सहभागी प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले जानकारी दिए । अनुगमनबाट डराएर संचालक पसल बन्द गरि हिडेकाले त्यस्ता पसलमा पुनः छडके अनुगमन हुने टोलीले जनाएको छ ।

अनुगमनका क्रममा बिभिन्न होटेल, रेस्टुरेन्ट तथा पसलहरुबाट म्याद गुज्रिएका, सडेगलेका, लेवल नभएका, अखाद्य बस्तुहरु जफत गरी तत्काले नष्ट गरिएको खाद्य निरिक्षक बुढाथोकीले बताए ।

यस्तै पसल दर्ता नगरी संचालनमा रहेकालाई दर्ता प्रक्रियामा जान, मुल्य सुचि राख्न तथा अखाद्य वस्तु वेचविखनबाट हुने हानी नोक्सानीबारे सचेत समेत गराइएको खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन कार्यालयले जनाएको छ ।

## मिटरब्याज पीडित र प्रहरीबीच झडप

मलङ्गवा, १२ पुस (रासस) ।

मिटर ब्याज पीडित सङ्घर्ष समिति सर्लाहीका एक सदस्यलाई प्रहरीले पक्राउ गरेपछि यहाँ तनाव उत्पन्न भएको छ ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीको टोलीले सङ्घर्ष समितिका सदस्य लालबन्दी नगरपालिका-२ नवलपुर निवासी फतमा खातुनलाई

*बाँकी अन्तिम पृष्ठमा*

## श्याम अमृत वर्षा महोत्सव सूरु



**दैनिक समाचारदाता राजबिराज, १२ पुस ।**

चौथो श्री श्याम अमृत वर्षा महोत्सव बिहीवारदेखि राजबिराजमा सूरु भएको छ । दुई दिन सम्म चल्ने महोत्सवको पहिलो दिन बिहीवार नगरक्षेत्रमा भव्य निशान यात्रा (शोभा यात्रा) निकालिएको छ ।

श्री बालाजी श्याम भक्त मण्डल राजबिराजको अगुवाईमा झाँकी सहित निकालिएको निशान यात्रामा सयौं महिला/पुरुष सहभागी भए । महोत्सवको दोश्रो दिन भारतका सन्त संजय सेन, सञ्जु अग्रवाल तथा नेपालकी कृष्णा अग्रवालद्वारा भजन संध्या प्रस्तुत हुने कार्यक्रम रहेको आयोजक समितीका सल्लाहकार मनोज मुन्धडाले जानकारी दिए ।

यस्तै सो अवसरमा भारत कलकत्ताका तरंग ग्रूप र गंगा म्युजिकल ग्रुपद्वारा भगवान श्री कृष्णको महिमा झल्कीने धार्मीक तथा साँस्कृतिक कार्यक्रमहरु समेत प्रस्तुत हुने आयोजकले जनाएको छ ।

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ।

त्यसैले,

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सञ्चार क्षेत्रमा नीतिगत पहल

**बबिता बस्नेत**
काठमाडौँ, १२ पुस (रासस)।

२०४७ सालको संविधानले मौलिक हकको रुपमा सूचनाको हक र छापाखाना तथा प्रकाशनसम्बन्धी हकलाई विशेष महत्व दिई पहिलोपटक स्थापित गऱ्यो। संविधानप्रदत्त उक्त हकलाई कार्यान्वयन गर्दै २०४८ मा छापाखाना र प्रकाशनसम्बन्धी ऐन जारी गरी कार्यान्वयनमा आयो भने २०४९ मा राष्ट्रिय सञ्चार नीति बनाई लागू गरियो। उक्त नीतिले पत्रपत्रिका, प्रसारण, सूचना, सरकारी क्षेत्रमा रहेका सञ्चार माध्यमदेखि हुलाक, दूरसञ्चार, चलचित्र हुँदै प्रेस काउन्सिलसम्म सूचना तथा सञ्चारसम्बन्धी सम्पूर्ण निकायलाई समेटेको थियो।

विसं २०६२/६३ को आन्दोलनपछि गठित सरकारले मुलुकका विभिन्न क्षेत्रमा परिवर्तनका लागि नीतिगत प्रयास सुरु गऱ्यो। यसैक्रममा पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि उच्चस्तरीय मिडिया आयोग गठन भयो। संविधान तथा कानुनविद् राधेश्याम अधिकारीको अध्यक्षतामा गठित १३ सदस्यीय उच्चस्तरीय मिडिया सुझाव आयोगमा सहभागी हुने अवसर व्यक्तिगत रुपमा मलाई पनि मिलेको थियो। विसं २०६३ असार १९ गते मन्त्रिपरिषद्ले निर्णय गरी गठन भएको आयोगको समयावधि जम्मा दुई महिना मात्र तोकिएको थियो। आयोगले समयसीमाभित्रै कार्य सम्पन्न गर्न विभिन्न समिति बनाएर काम गऱ्यो। समितिका सदस्यले अथक परिश्रम गरेर तयार गेरको प्रतिवेदनमा पत्रकारिता क्षेत्रको पुनःसंरचनाको निम्ति विविध पक्षमा सुझाव समावेश गरियो।

**आमसञ्चार नीति**

नेपालको संविधान (२०७२) जारी भएपछि फेरि राष्ट्रिय आमसञ्चार नीति बन्नुपर्ने विषय प्राथमिकतामा पऱ्यो। सरकारले कानुनविद् काशीराज दाहालको अध्यक्षतामा नेपाल पत्रकार महासङ्घ र प्रेस काउन्सिल नेपालका अध्यक्षसहित पत्रकारका आस्थागत तथा विषयगत सङ्घसङ्गठन र विज्ञसमेत सहभागी गरेर सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति गठन गऱ्यो। समितिले लामो समयको विस्तृत अध्ययनपछि सरकार समक्ष प्रतिवेदन बुझायो। तत्कालीन सूचना तथा सञ्चार मन्त्री शेरधन राईको तदारुकताका कारण समितिले बुझाएको दुई दिनमै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले जस्ताको तस्तै रुपमा राष्ट्रिय आमसञ्चार नीति २०७३ जारी गऱ्यो। २०७३ साउन ७ गते जारी यो नीतिले सञ्चार नीति २०४९ लाई प्रतिस्थापित गऱ्यो।

राष्ट्रिय आमसञ्चार नीति २०७३ आमसञ्चार क्षेत्रको पछिल्लो नीति हो। यसका आधारमा विज्ञापन ऐन जारी भइसकेको छ भने मिडिया काउन्सिल, आमसञ्चार र अन्य सञ्चार कानुन निर्माणका चरणमा छन्। आमसञ्चार नीतिकै व्यवस्थालाई कार्यान्वयन गर्नका लागि २०७३ पुसमा सरकारले काशीराज दाहालकै अध्यक्षतामा सूचना तथा सञ्चार, अर्थ, कानुन र मन्त्रिपरिषद्को कार्यालयका सचिव र पत्रकारसमेत रहेको राष्ट्रिय आमसञ्चार नीति कार्यान्वयन सुझाव उच्चस्तरीय समिति गठन गरेको थियो।

आमसञ्चार नीति २०७३ ले परिकल्पना गरेका ऐनहरूको मस्यौदा र भइरहेका केही ऐनहरूको संशोधन समितिको मुख्य कार्य थियो। यो पृष्ठभूमिलाई हेर्दा प्रजातन्त्रपछिका विभिन्न सरकारले नेपालको आमसञ्चार क्षेत्रलाई व्यवस्थित गर्नका लागि केही न केही प्रयास गरेको देखिन्छ। तर ती प्रयास ठ्याक्कै टुङ्गोमा भने कमै मात्रामा पुग्ने गरेका छन्।

**पछिल्लो एक वर्षमा भएका प्रयास**

सञ्चार, सूचना तथा प्रविधिमन्त्रीको रुपमा रेखा शर्माले कार्यभार सम्हालेपछि आमसञ्चार क्षेत्रको समग्र सुधारका लागि आवश्यक नीति, कानुन तथा नियमनका विषयमा सुझाव दिन सरकार (मन्त्रीस्तरीय) ले २०७९ फागुन २६ गते आमसञ्चार क्षेत्र सुधार सुझाव समिति गठन गऱ्यो। डा सुरेश आचार्य संयोजक, विपुल पोखरेल, डा महेन्द्र विष्ट, गोविन्द आचार्य र बबिता बस्नेत सदस्य रहेको उक्त समितिले सार्वजनिक सेवा प्रसारण विधेयकमाथि गर्नुपर्ने सुधार र सोको पुष्ट्याइ, नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयकको मस्यौदा, राष्ट्रिय आमसञ्चारसम्बन्धी विधेयकको मस्यौदा र नेपाल आमसञ्चार प्रशिक्षण प्रतिष्ठानसम्बन्धी गरी चार वटा विधेयकको मस्यौदा गरी गत जेठ १९ गते सरकारलाई बुझायो।

समितिले अन्य नीतिगत तथा संरचनागत सुधारअन्तर्गत सरकारी सञ्चारमाध्यमको पुनःसंरचना, डिजिटल मिडिया तथा सामाजिक सञ्जाललगायतका विषयमा पनि सुझाव पेश गरेको थियो। डिजिटल मिडिया तथा सामाजिक सञ्जालका विषयमा समितिले दिएको सुझावमा प्रतिवेदनमा भनिएको थियो- 'डिजिटल मिडिया र सामाजिक सञ्जाल सूचना प्रविधिले सिर्जना गरेको नयाँ अवसर हो। नागरिकको अभिव्यक्ति स्वतन्त्रताको सशक्त माध्यमको रुपमा यसलाई आत्मसात् गर्नुपर्दछ। यसलाई नियन्त्रण गर्ने सोच राख्नुहुन्न तर यसको प्रयोगलाई मर्यादित र व्यापारिक पक्षलाई पारदर्शी बनाउन नियमनको जरुरी छ। सूचना, प्रविधि विधेयकमा यसको प्रयोग, सञ्चालन प्रक्रिया र नियमनको स्पष्ट व्यवस्था हुनुपर्दछ।'

उल्लेखित सुझाव कार्यान्वयनका लागि सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले काम अघि बढाएको देखिन्छ। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० जारी गरिएको छ भने नेपाल मिडिया काउन्सिल विधेयक र राष्ट्रिय आमसञ्चार विधेयकमा सार्वजनिक रुपमा सुझाव आह्वान गरिएको छ। यद्यपि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नका लागि निर्देशिकाभन्दा पनि कानुनकै आवश्यकता छ।

**सामाजिक सञ्जाल निर्देशिकामा के छ ?**

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न सरकारले २०८० मङ्सिर ११ गते जारी गरेको निर्देशिकामा गरिएका मुख्य व्यवस्थामा सामाजिक प्लेटफर्मलाई सूचीकरण गर्ने, सूचीकरण नभएका प्लेटफर्मलाई सरकारले रोक लगाउन सक्ने, सामाजिक प्लेटफर्म सञ्चालकले प्रत्येक तीन वर्षमा आफ्नो विवरण अद्यावधिक गर्नुपर्नेलगायतका कुरा छन्।

यसैगरी सामाजिक सञ्जालमा गर्न नहुने कार्यमा बेनामी, फेक आइडी बनाएर प्रयोग गर्न नहुने, वर्ग, जाति, समुदायलाई लक्षित गरी अभिव्यक्ति शेयर गर्न नहुने, बालश्रम, बेचबिखन, छुवाछूतलगायतका कानुनले बर्जित गरेका कुरालाई प्रचारप्रसार गर्न नहुने, हेट स्पीचको प्रयोग गर्न नहुने, मिथ्या र भ्रामक सूचना सम्प्रेषण गर्न नहुने, साइबर बुलिङ्ग मानिने कार्य गर्न नहुनेलगायत अन्य कानुनले निषेध गरेका कार्य गर्न नहुने उल्लेख छ।

निर्देशिकामा गुनासो व्यवस्थापनको व्यवस्था गरिएको छ। सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा सामाजिक सञ्जाल व्यवस्थापन एकाइको व्यवस्था गरी उक्त एकाइले गुनासो सुन्ने व्यवस्था गरिएको छ। गुनासो सुनुवाइ गर्दा महिला, बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका मुद्दालाई प्राथमिकता दिनुपर्ने गरी निर्देशिकामा विशेष व्यवस्था गरिएको छ। यता सूचना प्रविधिसम्बन्धी ऐन पनि मस्यौदाको क्रममा रहेकाले निर्देशिकाको कार्यान्वयनभन्दा बढी कानुनको पूर्णतालाई महत्व दिनुपर्ने विज्ञहरूको राय रहेको छ।

**प्राथमिकतामा रहेका विधेयकहरू**

जनताप्रतिको उत्तरदायित्व प्रमुख रहने मान्यता रहेको पब्लिक सर्भिस ब्रोडकास्टिङ (पिएसबी) अब पारित हुने मिडियासम्बन्धी विधेयक हो। राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा छलफलपछि शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेका कारण यसलाई पारित गर्न समय नलाग्न सक्छ। तर पारित गर्नुअघि समितिका सदस्यले विधेयकमा आएका सुझावलाई विधेयकमा संलग्न गर्नु आवश्यक छ। अहिले समितिमा रहेको विधेयकमा सार्वजनिक सेवा प्रसारणमा पदाधिकारीको नियुक्तिदेखि अन्य विभिन्न दफामा संशोधन परेको छ, जसलाई समितिका अधिकारीले गम्भीरतापूर्वक लिई समावेश गर्नु उपयुक्त हुन्छ।

यसैगरी मिडिया काउन्सिल र राष्ट्रिय आमसञ्चारसम्बन्धी विधेयकमा सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयले मस्यौदा वेबसाइटमा राखेर सुझाव मागेको अवस्था छ। राष्ट्रिय आमसञ्चारसम्बन्धी ऐन समग्र मिडिया क्षेत्रको छाता ऐनको रुपमा आएको छ। जसमा आमसञ्चार संस्थाको दर्ता, इजाजत, अनुगमन तथा नियमनसम्बन्धी कार्य गर्न राष्ट्रिय आमसञ्चार प्राधिकरणको व्यवस्था गरिएको छ।

यसैगरी पत्रपत्रिकासम्बन्धी व्यवस्थामा पत्रपत्रिकाको दर्तालगायतको व्यवस्था गरेको छ भने अनलाइन सञ्चार माध्यमसम्बन्धी व्यवस्था पनि यसमा गरिएको छ। प्रसारण र फ्रिक्वेन्सीसम्बन्धी व्यवस्था, आमसञ्चार संस्थाको स्वामित्व हस्तान्तरणदेखि अन्य विभिन्न व्यवस्था पनि यस विधेयकमा गरिएको छ।

यी विधेयकलाई यथाशक्य चाँडो संसद्मा पेश गर्ने, लामो प्रक्रियामा गएर अल्झिनुभन्दा ऐनकै लागि अघि बढ्ने र सोहीअनुसारको संरचना निर्माण गरी कार्यान्वयनमा लैजान सक्ने हो भने यो एक वर्षमा भएका यी महत्वपूर्ण पहलले सार्थकता प्राप्त गर्नेछन्।

# विपद् व्यवस्थापनका लागि एक लाख बढी स्वयंसेवक तयार

काठमाडौँ, १२ पुस (रासस)।

सरकारले विपद् व्यवस्थापन पूर्वतयारी, खोज, उद्धार, राहत र पुनःस्थापनाका लागि सङ्घ, प्रदेश र स्थानीयस्तरमा एक लाख चार सय ४६ स्वयंसेवक तयार गरेको जनाएको छ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बिहीबारको बैठकमा गृहसचिव दिनेश भट्टराईले स्थानीय समुदायको सहभागिता अभिवृद्धिसँगै स्वयंसेवकको पहिचान र परिचालन गर्न 'स्वयंसेवक व्यवस्थापन सूचना प्रणाली'को विकाससमेत गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनमा संलग्न निकायको क्षमता अभिवृद्धिका लागि आवश्यक स्रोत व्यवस्थापन गरेको छु।"

सचिव भट्टराईले विपद् उद्धार तथा व्यवस्थापनका लागि सबै प्रदेशमा 'मल्टिपर्पोज रोवोटिक फायर फाइटिङ' एवं बारुणयन्त्र खरिदको प्रक्रिया तयार भएको बताउनुभयो। त्यस्तै उहाँले प्रत्येक प्रदेशमा एउटा मल्टिसिटर एम्बुलेन्स र एक सयवटा फायर पम्प विपद् न्यूनीकरणका लागि निर्माण गरेको बताउनुभयो।

समितिका सभापति मायाप्रसाद शर्माले जाजरकोटमा गएको भूकम्पमा उद्धारमा समस्या नरहे पनि आवास निर्माणमा ढिला भएको बताउनुभयो। उहाँले चिसोका कारण त्रिपालमा बसेका सुत्केरी र ज्येष्ठ नागरिकले ज्यान गुमाउनु परिरहेकाले मन्त्रालयले छिटो आवास निर्माण गरिदिन आग्रह गर्नुभयो।

द्सांसद मदनकुमारी शाहले अब बन्ने कानुनमा विपद्मा परेका पीडितले राहत पाउने गरी नीति/कार्यविधि निर्माण गर्नुपर्ने बताउनुभयो। कानुन अभावको कारण राहत पाउनबाट बञ्चित हुनुपरेको उहाँले बताउनुभयो।

सांसद नरपति लुवारले जनता

*बाँकी अन्तिम पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# मानवीय त्रुटिले विमान दुर्घटना भएको निष्कर्ष

काठमाडौँ, १२ पुस (रासस) ।

गत माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको एटीआर-७२ जहाज दुर्घटना मानवीय कारणले भएको निष्कर्ष निकाल्दै दुर्घटना जाँच आयोगले बिहीबार अन्तिम प्रतिवेदन सरकारलाई बुझाएको छ ।

पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले आठ महिना तीन दिन लगाएर तयार पारेको प्रतिवेदन बिहीबार संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको हो ।

"जहाज अवतरणको क्रममा ककपिटमा रहेका पाइलटले फ्लेप ९बिउ० लिभर तान्नुपर्ने थियो तर, कन्डिसन लिभर तानेको पाइयो । यसले गर्दा जहाजस्थिर हुनसकेन", जहाज दुर्घटनाको कारण बताउँदै आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेले भन्नुभयो, "पाइलटका लागि नयाँ विमानस्थल थियो । धावनमार्ग वरिपरी टेरेन्ट पनि थियो । यो पनि दुर्घटनाको कारक थियो । उक्त दुर्घटनामा मानवीय पक्ष बढी जिम्मेवार देखिन्छ ।"

एटीआर-७२ हवाईजहाज दुर्घटनाको मुख्य कारण मानवीय कमजोरी देखिएको आयोगका अध्यक्ष नगेन्द्रप्रसाद घिमिरेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पाइलटले फ्लेप लिभर (जहाजको स्पिडलाई स्लो गर्ने) तान्नुपर्नेमा दुर्भाग्यवस 'कन्डिसन लिभर' तानेको देखिन्छ । जसले गर्दा जहाज 'फिदर कन्डिसन' मा गएपछि अगाडिको 'मोसन' जहाजले नपाएकाले दुर्घनाग्रस्त हुन पुगेको हो । दुर्घटनाको विश्लेषण गर्दा मानवीय त्रुटी बढी देखियो ।"

अध्यक्ष घिमिरेका अनुसार जहाज दुर्घटनाको अर्को कारणमा नयाँ विमानस्थल पूर्ण तयारी नभइकन सञ्चालनमा ल्याइनु पनि हो ।

प्रतिवेदन ग्रहण गर्दै मन्त्री किरातीले प्रतिवेदनमा दिइएका सुझावका विषयमा सञ्चालक, नियामक निकाय र मन्त्रालय तिनै पक्षले कडाइका साथ कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने विश्वास व्यक्त गर्नुभयो । आयोगले आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन वायुसेवा सञ्चालक, नियामक र मन्त्रालयलाई आठ बुँदे सुझाव दिएको छ ।

विमान दुर्घटना भएकै दिन सरकारले पूर्वसचिव घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोगमा हवाई विज्ञ नेपाली सेनाका अवकाशप्राप्त क्याप्टेन दीपकप्रकाश बाँस्तोला, अवकाशप्राप्त क्याप्टेन सुनिल थापा, जहाज मर्मतसम्भार विषयका इञ्जिनियर एकराजजङ्ग थापा र आयोगको सदस्य सचिवमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्थ्यो ।

सहसचिव लामिछानेले अहिलेसम्मकै बढी समय लगाएर दुर्घटनाग्रस्त जहाजबारे विस्तृत अध्ययन अनुसन्धान गरिएको दाबी गर्नुभयो । विभिन्न मुलुकका यात्रु पनि दुर्घटनामा परेकाले अन्य मुलुकको चासो रहेको थियो । जहाजको उपकरण फ्रान्सको सुविधासम्पन्न ल्यावमा परीक्षण गरिएको थियो । दुर्घटना जाँचका सम्बन्धमा सिङ्गापुरमा विज्ञसँग पनि छलफल गरिएको थियो ।

जहाज प्राविधिक कारणले नभई मानवीय (पाइलट) को त्रुटिका कारण दुर्घटनामा परेको अयोगले निष्कर्ष निकाल्दै जहाजले जम्मा २८ हजार सात सय ३१ घण्टा ३३ मिनेट (दुर्घटनाको समयसम्म) मात्र उडान भरेको पाइएको जनाएको छ ।

एटीआर फ्रान्स: एभियसन डी ट्रान्सपोर्ट रिजिनल तथा इटालियनः एयरी डी ट्रान्सपोर्ट रिजिनलले उत्पादन गरेको उक्त जहाज ३० हजार एक सय चार साइकल उडेको आयोगको प्रतिवेदनमा उल्लेख गरेको छ । जहाजको नियमित चेकजाँच, सर्भिसिङको समय सन् २०२३ अप्रिल २४ सम्म रहेकामा समयअगावै प्राविधिक समस्या नरहेको जनाउँदै १४ जनवरी, २०२३ मा जहाज दुर्घटनामा परेको प्रतिवेदनमा उल्लेख गरिएको छ । जहाज उडानका क्रममा दुवै इञ्जिनका प्रोपेलरहरु फेदरमा गएपछि तत्काल गतिशीलता दिन नसक्दा जहाज दुर्घटना परेको अध्ययन समितिको निष्कर्ष छ ।

प्रतिवेदनमा जनाइए अनुसार बिहानको १०:५१ बजे काठमाडौँबाट पोखराका लागि उडेको जहाज अवतरण गर्ने क्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको मौसम, भिजिबिलिटी तथा प्राविधिक पक्ष राम्रो रहेको थियो । "भीएनपीआरमा टेक अफ, चढाइ, क्रुज र अवतरण सामान्य थियो । मौसम अनुकूल थियो । भीएमसी गन्तव्य एयरपोर्टको बाटोमा भीएनपीआर टावरसँगको पहिलो सम्पर्कको समयमा, एयर ट्राफिक कन्ट्रोलर(एटीसी) सँग विमान अवतरणका लागि अनुमति माग गरेकामा रनवे ३० को अनुमति प्रदान गरिएको थियो । तोकिएको धावनमार्गमा नभएर पाइलटले अकस्मात् रनवे परिवर्तन गरेर १२ को अनुमति माग गरेको पाइएको छ", प्रतिवेदनमा भनिएको छ ।

रनवे १२ अवतरणका लागि योग्य रहेको एटीसीले सन्देश पठाएको थियो । जहाज छ हजार पाँच सय फिटमाथिबाट एकैपटक सात सय २१ फिटमा झरेर फेरि माथि उठाउन खोज्दा इञ्जिनको गति स्थिर हुनपुगेपछि जहाज तल झर्नपुगेको देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त जहाज सेती नदीको खोँचमा खसेको थियो । जहाज भूईमा बजारिएलगत्तै आगजनी हुँदा जहाजमा सवार ७२ यात्रुकै मृत्यु भएको प्रतिवेदनमा जनाइएको छ । दुघटनाग्रस्ता जहाजमा चालक दलका चारसहित ७२ जना सवार थिए ।

# राष्ट्रियसभा निर्वाचनका लागि पुस २३ गते उम्मेदवारको मनोनयन तयारी

काठमाडौँ, १२ पुस (रासस) ।

आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ताका लागि निर्वाचन आयोगले आवश्यक तयारी गरेको छ ।

आयोगबाट स्वीकृत निर्वाचन कार्यतालिकाबमोजिम मनोनयनपत्र दर्ताका लागि उम्मेदवारले संलग्न गराउनुपर्ने कागजातबारे आयोगले स्पष्ट गरेको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालका अनुसार उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा, रु१० हजार धरौटी जम्मा गरेको रसिद वा भौचर पेस गर्नुपर्ने छ । महिला, दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुनेछ । आर्थिकरूपमा विपन्न भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको सिफारिसपत्र संलग्न हुनुपर्नेछ ।

मनोनयनका लागि दलको उम्मेदवारको हकमा उम्मेदवार मनोनयनको औपचारिक पत्र, दलित समूहबाट उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा, अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायबाट उम्मेदवारी दिने व्यक्तिले नेपाल सरकारको अधिकारप्राप्त निकायले दिएको अपाङ्गताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अल्पसङ्ख्यक समुदायको व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा संलग्न हुनुपर्नेछ ।

यस्तै प्रस्तावक र समर्थकको नाम, सम्बन्धित प्रदेशसभाका सदस्य वा सम्बन्धित प्रदेशभित्रको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख समावेश भएको निर्वाचकमण्डलको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण, मतदाता नम्बर, घर सङ्ख्या, घर रहेको स्थान तथा जग्गाको विवरण खुलाइएको उम्मेदवारको सम्पत्ति विवरण, कुनै सङ्घीय कानुनले अयोग्य नभएको भनी गरेको स्वघोषणापत्र, निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने कुनै लाभको पदमा बहाल नरहेको भनी गरेको स्वघोषणापत्र, उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा

*बाँकी अन्तिम पृष्ठमा*


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### इजरायलको गोलान हाइट्समा ड्रोन दुर्घटना

जेरुसेलम, १२ पुस (रासस/एएफपी) ।

इजरायली सेनाले बिहीबार इजरायलमा रहेको गोलान हाइट्सको एलियाड नजिकै ड्रोन दुर्घटना भएको जनाएको छ ।

आक्रमणको हमास लडाकूसमूहसँग सम्बन्ध रहेको इराकी सशस्त्र समूहले आक्रमणको जिम्मेवारी लिएको छ ।

इजरायली सञ्चारमाध्यमका अनुसार सिरियाबाट प्रक्षेपण गरिएको विस्फोटक पदार्थ बोकेको ड्रोन बुधबार साँझ एलियाड बस्तीको दक्षिणमा खसालिएको थियो ।

इरान समर्थक सशस्त्र समूहहरूको कमजोर समूह इस्लामिक रेजिस्टेन्स इन इराकले वक्तव्य जारी गर्दै एलियाडको दक्षिणमा रहेको 'महत्वपूर्ण लक्ष्य' मा 'उपयुक्त हतियार' प्रहार गरेको जनाएको छ ।

इजरायलले अक्टोबर ७ मा एक हजार १४० जनाको ज्यान जाने गरी भएको रक्तपातपूर्ण आक्रमणको बदलामा हमासलाई नष्ट गर्ने आफ्नो अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै आएको छ ।

हमासको नियन्त्रणमा रहेको गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयको पछिल्लो विवरणअनुसार इजरायलको बमबारी र स्थलआक्रमणमा परी कम्तीमा २१ हजार ११० जनाको मृत्यु भएको छ, जसमा अधिकांश महिला र बालबालिका रहेका छन् ।

गाजामा युद्ध सुरु भएदेखि इराकमा इस्लामिक रेजिस्टेन्सले इराक र सिरियामा अमेरिकी र अन्तर्राष्ट्रिय गठबन्धन सेनाविरुद्ध भएका थुप्रै आक्रमणको जिम्मेवारी लिएको छ ।

वासिङ्टनले अक्टोबर १७ यता इराक र सिरियामा आफ्ना सेनाविरुद्ध १०३ वटा आक्रमण गरेको अमेरिकी सेनाका एक अधिकारीले बताएका छन् ।

तीमध्ये अधिकांश आक्रमणको जिम्मेवारी इराकमा इस्लामिक रेजिस्टेन्सका समूहले लिएका छन् । उक्त समूहले हमासविरुद्धको युद्धमा इजरायललाई अमेरिकी समर्थनको विरोध गरेको छ । यस समूहले अहिलेसम्म इजरायली हितविरुद्ध प्रत्यक्ष आक्रमणको दाबी गरेको छ ।

इजरायलले सन् १९६७ को अरब-इजरायल युद्धमा सिरियाबाट गोलान हाइट्सको केही भाग जितेको थियो भने सन् १९८१ मा उक्त क्षेत्र कब्जा गरेको थियो । उक्त क्षेत्रमा युद्ध गरेका ती मुलुकबिच युद्धविराम गर्दै शान्तिका लागि सम्झौता गरेका थिए । यद्यपि, यो सम्झौतालाई संयुक्त राष्ट्रसङ्घले मान्यता दिएको छैन ।

### लाइबेरियामा इन्धन ट्याङ्कर दुर्घटना, ४० भन्दा बढीको मृत्यु

मोनरोभिया, १२ पुस (रासस/एएफपी) ।

मध्य लाइबेरियामा इन्धन बोकेको ट्याङ्कर ट्रक दुर्घटना हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको त्यहाँका प्रमुख चिकित्सा अधिकारीले स्थानीय सञ्चारमाध्यमसँग बताएका छन् ।

प्रहरीका अनुसार राजधानी मोनरोभियाबाट करिब १३० किलोमिटर टाढा रहेको टोटोटामा पेट्रोल बोकेको ट्याङ्कर बुधबार दुर्घटनाग्रस्त भएर सडक नजिकैको खाडलमा खसेको थियो । त्यसपछि चुहिएको ग्यास भर्न स्थानीय घटनास्थलमा जम्मा भएका थिए ।

चिकित्सक फ्रान्सिस कातेहले स्थानीय प्रसारक सुपर बोन्जिज टिभीसँग भन्नुभयो, "पेट्रोलियम पदार्थ बोकेको ट्याङ्कर दुर्घटनाग्रस्त हुँदा ४० जनाभन्दा बढीको मृत्यु भएको अनुमान गरिएको छ । घटनास्थलमा देखिएका जलेका मानवीय अवशेष हेर्दा यो सङ्ख्या अहिले जानकारीमा आएकोभन्दा केही बढी हुन सक्छ । यसका लागि प्रहरीले घटनास्थलबाट मृत शरीर उठाउने र परीक्षणका लागि अस्पतालसम्म पुऱ्याउने काम गरिरहेको छ ।"

उहाँले एएफपीसँग भन्नुभयो, "हाम्रो टोली घर-घरमा गएर हराएकाहरूको खोजी गरिरहेको छ ।"

प्रहरीले यसअघि मृतकको सङ्ख्या १५ रहेको र स्थानीयहरू घटनास्थलमा भेला हुँदा कम्तीमा ३० जना घाइते भएको बताएको थियो ।


लाइबेरिया राष्ट्रिय प्रहरीका प्रहरी नायब महानिरीक्षक प्रिन्स बी मुलबाहले भन्नुभयो, "त्यहाँ धेरै मानिसहरू जलेका छन् । मृतकको सङ्ख्या तत्काल यति नै रहेको भन्न कठिन छ ।"

अर्का प्रहरी अधिकारी माल्भिन साकोरका अनुसार दुर्घटनापछि केही स्थानीयले चुहिएको ग्यास भरिरहेका समय ट्याङ्कर विस्फोट हुँदा हताहत हुनेको सङ्ख्या धेरै पुगेको छ ।

टोटोटाका एक प्रत्यक्षदर्शी आरोन मासाकोइले एएफपीसँग भन्नुभयो, "मानिसहरू ग्यास लिन ट्रकमाथि चढेका थिए भने केहीले ट्याङ्करबाट ग्यास निकाल्न फलामका रडले ट्याङ्की खोपेका र यसरी निस्केको ग्यास आगोको सम्पर्कमा पुग्दा विस्फोट हुन पुगेको थियो ।"

मासाकोइले भन्नुभयो, "ट्रकको चारैतिर मानिसहरु थिए र ट्रकका चालकले उनीहरूलाई चुहिएको ग्यास लिन सक्ने अनुमति दिएको थिए तर उनीहरूलाई ट्याङ्करमाथि नचढ्न र ट्याङ्करलाई ठक्कर दिन रोक्न अनुरोध गरे पनि नमान्दा ठूलो मानवीय दुर्घटना हुनपुगेको छ । केही मानिसहरूले ट्याङ्कीमा प्वाल पार्न स्क्रूड्राइभरहरू पनि प्रयोग गरिरहेका थिए ।"

# मधेशका पत्रकार महिलाहरु प्राधिकरणको बीमा कार्यक्रमबाट लाभ लिँदै



**दैनिक समाचारदाता**
**बारा, १२ पुस ।**

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले बारा सिमराकी सञ्चारकर्मी रञ्जना खतिवडालाई बिहिवार स्वास्थ्य बीमावापतको प्राप्त रकम हस्तान्तरण गरेका छन् ।

सिमरा स्थित रेडियो नागरिक ९०.८ मेगाहर्जको समाचार प्रमुख खतिवडालाई २६ हजार ६ सय ७३ रुपैयाको चेक हस्तान्तरण गरिएको हो । गत बैशाखमा ढाडमा पलाएको ट्युमरको शल्यक्रिया गरेकी खतिवडाले बीमावापत उक्त रकम प्राप्त गरेकी हुन् ।

आमसञ्चार प्राधिकरणले आर्थिक वर्ष २०७९।०८० मा जीटुजी पोलिसी अन्तर्गत सरकारी बीमा कम्पनी राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग मधेश प्रदेशका एक सय १० जना पत्रकार महिलाहरुको बीमा गरेको थियो ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको निकाय प्राधिकरणले गरेको उक्त बीमा कार्यक्रम अन्तर्गत खतिवडालाई बीमा सुविधा वापतको रकम हस्तान्तरण गरिएको हो । प्राधिकरणको बीमा कार्यक्रमबाट विमितको रुपमा लाभग्राही हुने खतिवडा पहिलो महिला सञ्चारकर्मी हुन् ।

नेपाल पत्रकार महासंघ बाराकी सदस्य खतिवडालाई चेक हस्तान्तरण गर्दै अध्यक्ष यादवले महिला पत्रकारलाई लक्षित गरी अघिल्लो बर्ष सुरु गरिएको बीमा कार्यक्रमलाई निरन्तरता दिईएको बताए । प्रदेशका सबै पत्रकार महिलाहरुलाई बीमा कार्यक्रममा सहभागी हुन सार्वजनिक सूचनामार्फत आह्वान गरेर सहभागी गरिएको बताउँदै उनले बीमा सुविधाका लागि जनकपुरधाम स्थित प्राधिकरणसंग सम्पर्क गर्न आग्रह समेत गरेका छन् ।

प्रदेशका सञ्चारकर्मी र सञ्चारमाध्यमहरुलाई सबल बनाउन आफु प्रयत्न गरिरहेको भन्दै अध्यक्ष यादवले सञ्चार क्षेत्रलाई स्थापित र स्थायित्व दिनका लागि गम्भिर हुन प्रदेश सरकारलाई आग्रह गरे । आफुले मधेश प्रदेशको सञ्चार क्षेत्रमा परिवर्तनमूलक अनुभूती हुने गरिहेको बताउँदै उनले भने 'पत्रकारिता क्षेत्रको समस्याबारे मलाई अनुभभूती छ, त्यसैले केही गर्ने सोचका साथ अगाडि बढेको छु, सञ्चार क्षेत्रका लागि आवश्यक बजेट पाउनेमा आशावादी छु, चालु आर्थिक वर्षमै मधेशका सम्पूर्ण पत्रकारहरुको बीमा गर्ने लक्ष्य छ ।'

प्राधिकरणले मधेश प्रदेशका मिडियाहरुको संरक्षण प्रवर्द्धन गर्न कार्यविधि बनाई लोककल्याणकारी विज्ञापन निरन्तर रुपमा उपलब्ध गराउँदैआएको चर्चा गर्दै उनले सञ्चारकर्मीको दक्षता र क्षमता विकासका लागि पनि अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यस्थलमै आएर प्राधिकरणले चेक हस्तान्तरण गरेकोमा खुशी व्यक्त गर्दै बीमा कार्यक्रमले पत्रकार महिलाहरुलाई सञ्चार क्षेत्रमा लाग्न थप प्रोत्साहन मिल्ने पीडित पत्रकार खतिवडाले बताईन् । बीमा कार्यक्रमबाट अन्य पत्रकार महिलाहरुलाई समेत लाभ लिन उनले आग्रह गरिन् ।

चेक हस्तान्तरणको अवसरमा नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रेशम तिवारी, प्रेस चौतारी नेपालका केन्द्रीय सचिव कमलकुमार उपाध्याय, बाराका अध्यक्ष दिवाकर भण्डारी, नेपाल खेलकुद पत्रकार मञ्च बाराका अध्यक्ष सुनिल गाउँले, राष्ट्रिय बीमा कम्पनी लिमिटेड जनकपुरधामका निमित्त प्रमुख खगेन्द्र थापालगायतको उपस्थिती थियो ।

# छनोट खेलको फाईनलमा कंकालिनी बिजयी



**दैनिक समाचारदाता**
**राजबिराज, १२ पुस ।**

प्रधानमन्त्री कप एकदिवसिय पुरूष सिनियर राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सप्तरी जिल्ला छनोट खेलमा कंकालिनी फाईनल खेलमा बिजयी भएको छ ।

बिहिवार राजदेबी ११ र कंकालनी ११ बिच भएको फाईनल खेलमा कंकालिनीले राजदेबीलाई ४८ रनले पराजित गर्दै बिजयी भएको हो ।

कंकालिनी ११ ले दिएको १ सय ४८ रनलाई पछयाउने क्रममा राजदेबीले सबै बिकेट गुमाई १ सय रनमै सिमित रहेकोले कंकालनी ४८ रनले जित हात पारेको हो।

टस जितेर कंकालिनीले निर्धारित ३० ओभरको खेलमा २९ ओभर ५ बल खेल्दै सबै बिकेट गुमाई १ सय ४८ रनको योगफल खडा गरेको थियो । जसमा बिकास दास ३३ रन, पप्पु यादब २८, रोहन बिक १६ रन र अमित मण्डल १५ रन जोडेका थिए ।

बलिङतर्फ राजदेबीका सुशान्त देवले सर्वाधिक ४ बिकेट, गोमान्द अमात्य २ बिकेट र पप्पु यादब, सुरेश यादब, अमित यादब र नितेश यादबले समान्य १/१ बिकेट हात पारे ।

प्रतिउत्तरमा राजदेबी ११ ले २१ ओभर ४ बलमा सबै बिकेट गुमाई १ सय रन मात्र बनाउन सके । जसमा अमित यादबले २२ रन गोमान्द अमात्य २० अनवारूल हक र नितेश यादबले समान्य ११/११ रन बनाउनु बाहेक कुनै खेलाडी दोहोरो अंक पार गर्न सकेन ।

बलिङतर्फ नितेश यादबले उत्कृष्ट बलिंग गर्दै ४ बिकेट, मो सोहिल २ बिकेट,पप्पु यादब, राहुल बिक,असोक मेहता र रोहन बिकले समान्य १/ १ बिकेट हात पारेका थिए ।

यस प्रतियोगितावाट मधेश प्रदेश पुरूष सिनियर खेलाडी छनोट प्रतियोगितामा सहभागिताका उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूवाट सप्तरी सिनियर पुरूष टिम चयन गरिने सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादबले जानकारी गराए ।

यही पुस १८ गते प्रधानमन्त्री राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिताको लागि पर्साको बिरगंजमा मधेश प्रदेश क्रिकेट छनोट प्रतियोगिता सप्तरी सिनियर टिमले सहभागिता जनाउने छ ।

प्रतियोगितममा म्यान अफ दि सिरिज राहुल मण्डल, बेस्ट बलर राहुल बिक, बेस्ट ब्याटर अमित यादब घोषित भएको सप्तरी क्रिकेट संघले जनाएको छ ।

## मिटरब्याज पीडित ...

प्रहरीले पक्राउ गरेपछि स्थिति तनावपूर्ण बनेको थियो। प्रहरीले खातुनलाई पक्राउ गरेपछि मिटर ब्याज पीडित र प्रहरीबीच झड भएको थियो ।

जिल्ला प्रशासन कार्यालयमा उनीहरूले ढुङ्गामुढा गर्न थालेपछि स्थितिलार्य नियन्त्रणमा लिन प्रहरीले तीन राउण्ड आश्रुग्यास प्रहार गरेको थियो । त्यसपछि मिटरब्याज पीडितले प्रशासन कार्यालय सर्लाही अगाडी टायर बालेर प्रर्दशन गरेका थिए । अहिले उनीहरु कृषि ज्ञान केन्द्र अगाडि सडक अवरोध गरेर बसेका छन् ।

गत मङ्सिर २० गते जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित र साहुकारबीच छलफलको क्रममा साहुकारलाई फतमाले कुटपिट गर्नथालेपछि प्रहरी सहायक हबल्दार सीता कार्की छुटचाउन जाँदा फतमाले उनीमाथि पनि हातपात गरेकी थिइन् । प्रहरीमाथि फतमाले अभद्र व्यवहार गरेको भन्दै उनीविरुद्ध मुद्दा चलाएको छ ।

सोही मुद्दामा फतमालाई पक्राउ गर्न जिल्ला अदालत सर्लाहीबाट पक्राउ पुर्जी जारी भएपछि उनी केहीदिन देखि लुकीछिपि बस्दै आएकी थिइन् । तर बिहीबार दिउँसो उनी पक्राउ परेपछि तनाव भएको हो । जिल्ला प्रशासन कार्यालय सर्लाहीमा बिहीबार प्रहरीलाई कुटपिट गरेको अभियोगमा चन्द्रनगर गाउँपालिका-५, मोहनपुर निवासी तैयब मन्सुरलाई पनि पक्राउ गरिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले राससलाई जानकारी दिनुभयो ।

## विपद् व्यवस्थापनका ...

आवास कार्यक्रमको फाइदा अन्यत्र एक/दुई ठाउँमा घर भएका व्यक्तिले उठाउने गरेको बताउनुभयो । जसका कारण एउटा पनि घर नभएका पीडितले आवासबाट बञ्चित हुनुपरेको पनि उहाँले बैठकमा जानकारी गराउनुभयो ।

## राष्ट्रियसभा निर्वाचनका ...

बहालवाला पदाधिकारी भए निजले बहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा, गत प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीबाट नाम फिर्ता लिएको आयोगको पत्रको प्रतिलिपि पनि संलग्न गर्नुपर्ने आयोगले जनाएको छ ।

आगामी फागुन २० गते राष्ट्रियसभामा निर्वाचित १९ र राष्ट्रपतिबाट मनोनित एक सदस्यको कार्यकाल सकिँदैछ ।


सूचना ! सूचना !! सूचना !!!

**कानको शल्यक्रिया हुने सम्बन्धी सूचना**

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौ । तसर्थ कानका रोगीहरूले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ ।





**शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी**

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*